१०. <u>प्रस्ताव मूल्यांकन, स्थलगत प्रमाणीकरण तथा छनौटः</u> (१) प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक मूल्यांकन कार्यका लागि निम्न अनुसारको प्रारम्भिक मूल्यांकन समिति रहने छ ।

| | | | |
|---|---|---|---|
| १. | निर्देशक वा निजले तोकेको बरिस्ठतम् अधिकृत | : | संयोजक |
| २. | प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | : | सदस्य |
| ३. | प्रमुख, खरिद इकाई, निर्देशनालय | : | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम गठित प्रारम्भिक मूल्यांकन समितिले सूचनामा माग भए अनुसारका अनिबार्य पेश गर्नु पर्ने कागजातहरु तथा अनुसूची-३ अनुसारको कार्ययोजनाको मूल्यांकन गरी स्थलगत प्रमाणीकरणका लागि सिफारिस गर्नेछ ।

(३) प्रारम्भिक मूल्यांकन समितिको सिफारिस अनुसार स्थलगत प्रमाणीकरणका लागि तपसिल अनुसारको स्थलगत प्रमाणीकरण टोली रहने छ ।

| | | |
|---|---|---|
| निर्देशकले तोकेको बरिस्ठतम् अधिकृत | : | १ जना |
| सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि | : | १ जना |
| सम्बन्धित स्थानीय तहको पशु सेवा शाखा प्रतिनिधि | : | १ जना |

*(निर्देशनालयले उक्त टोलीमा स्थलगत प्रमाणीकरणका लागि बढीमा २ जना सम्म थप अनुगमनकर्ता तोक्न सक्नेछ)*

(४) स्थलगत प्रमाणीकरण टोलीले अनुसूची- ७ बमोजिम स्थलगत अनुगमन गर्नु पर्नेछ । उक्त टोलीको अनुगमन प्रतिवेदनका आधारमा तपसिल अनुसार गठित मूल्यांकन समितिले प्रस्ताव मूल्याङ्कन गरी स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्नेछ ।

| | | |
|---|---|---|
| निर्देशक वा निजले तोकेको बरिस्ठतम् अधिकृत | : | संयोजक |
| अधिकृत प्रतिनिधि, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | : | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | : | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | : | सदस्य |
| प्रमुख, खरिद इकाई, निर्देशनालय | : | सदस्य-सचिब |

*नोटः समितिले आवश्यक ठानेमा बढीमा २ जना सम्म विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।*

